नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

"एनएमबि डिबेन्चर १०.७५%-२०८९/९०"-NMBD89/90 को सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०३/२० गते बुधबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड र एनएमबि बैंक लिमिटेड बीच १० वर्ष अवधि तथा १०.७५% वार्षिक ब्याजदर भएको "एनएमबि डिबेन्चर १०.७५%-२०८९/९०" डिबेन्चर/ऋणपत्र (NMBD89/90) को क्रम संख्या नं. १ देखि ४०,००,००० सम्मको अंकित तथा चुक्ता मूल्य रु.१,०००।- कायम भएको कुल ४०,००,००० कित्ता ऋणपत्रको सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष एनआईबिएल एस क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक कम्पनी) मार्फत् खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको ४०,००,००० कित्ता ऋणपत्र धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०३/१५ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : मिति २०८०/०३/२० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र एनएमबि बैंक लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनबाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको १०.७५% वार्षिक ब्याजदर भएको "एनएमबि डिबेन्चर १०.७५%-२०८९/९०" डिबेन्चर/ऋणपत्र को दोस्रो बजारको कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं महानगरपालिका, वडा नं.११, बबरमहल, काठमाडौं रहेको छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६

नेपाल स्टक एक्सचेन्ज लिमिटेड काठमाडौं २०५०

मिति : २०८०/०३/२०